नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय

## बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०५/०६)

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्का मार्फत गराउनु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीहरुबाट सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक विधुतीय बोलपत्र (E-Bidding) आह्वान गरिएको छ ।

तपसिल

| क.सं. | ठेक्का नं. | कामको विवरण र स्थान | बोलपत्रको जमानत रकम (रु) | बोलपत्र दस्तुर (रु) | ल.ई. रकम रु. (मु.अ.क.र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|---|
| १ | NCB/01/SNNP/2080-081 | अधुरो पर्यटक सूचना केन्द्र निर्माण, पानीमुहान, बुढानीलकण्ठ काठमाण्डौ | ७०,०००/- | ३,०००/- | २५,६८,६९३/६१ |

शर्तहरु:

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन १२:०० बजे भित्र E-Bidding मार्फत www.bolpatra.gov.np को माध्यमबाट बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र दस्तुर बापतको रकम कार्यालयको कोड नं. ३२९०३३५०२, शिर्षक नं. १४२२९ मा जम्मा गरेको दोस्रो प्रति भौचर समेत बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

२. E-Bidding बोलपत्रको साथमा मू.अ.कर. दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण-पत्र, आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र, नविकरण भएको व्यवसायी ईजाजत पत्र, आदिको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । साथै जमानत बापतको रकमको हकमा, नगद जमानतको लागि राष्ट्रिय वाणीज्य बैंक, ठमेल, काठमाण्डौमा रहेको कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौको धरौटी खाता नं. ११००१००१०२०३०००० वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकको कम्तिमा १२० दिन म्याद भएको बोलपत्र जमानत (Bid Bond) पेश गर्नुपर्नेछ ।

३. E-Bidding बोलपत्र ३१ औं दिनको १ बजे नियमानुसार खोलिनेछ ।

४. E-Bidding बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएको समयमा उक्त कार्य गरिने छ ।

५. दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मितिले ९० (नब्बे) दिनको रहनेछ ।

८. माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि स्वीकृत लागत अनुमान र Bill Of Quantity (BOQ) मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नुपर्नेछ ।

९. थप जानकारी लिन चाहेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी लिन सकिने छ ।

१०. बोलपत्र सम्बन्धि सूचना यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ ।

११. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२०८०-०५-०५

**डा. गणेश पन्त**
**वरिष्ठ संरक्षण अधिकृत**
**रा.प. द्वितिय (प्रा.)**